# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०८२/०८३
चलानी नम्बर :-

मिति : २०८२/०८/०४
ने.सं. : ११४६, कछलागा, आमै, बिहिवार

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री यो जो जससंग सम्बन्धित छ ।

गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. २ अन्तर्गत श्री जनता माध्यमिक विद्यालयमा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणीको गणित विषयको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न. ६२ मिति २०८२/०८/०३ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह , श्रेणी र विषयमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकको छ ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना janatamaviamppipal@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

२०८२।८।४

मनोज नेपाली सिर्मल
उपसचिव

मनोज नेपाली सिर्मल
उप-सचिव

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ, गोरखा : तहाँ कार्यालयको वेभसाइटमा प्रकाशित गरिदिनु हुन ।
श्री सूचना तथा प्रविधि शाखा, पालुङटार नगरपालिका, गोरखा : नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशित गरिदिनुहुन ।
श्री जनता माध्यमिक विद्यालय, पालुङटार-२, गोरखा ।



Scanned with CamScanner